# गोरखापत्र संस्थान

गोरखापत्र (नेपाली दैनिक)
द राइजिङ नेपाल (अङ्ग्रेजी दैनिक)
मधुपर्क (नेपाली साहित्यिक मासिक)
युवामञ्च (नेपाली मासिक)
मुना बाल पत्रिका (नेपाली मासिक)
गोरखापत्रअनलाइन

धर्मपथ, काठमाडौं
नेपाल
पो.ब.नं. २३

पत्रसंख्या : ८(०८२।८३ (आन्तरिक)

मिति : २०८२/१०/१४

कार्यालयको नाम : **गोरखापत्र संस्थान**
केन्द्रीय कार्यालयको ठेगाना : धर्मपथ, काठमाडौं
कार्यालयको बेवसाइट : www.gorkhapatra.org.np
कार्यालय प्रमुखको नाम : लालबहादुर ऐरी (महाप्रबन्धक)
सम्पर्क नं. : ०१-५३२०६३८

## त्रैमासिक प्रगति विवरण सार्वजनिक गरिएको ।

सार्वजनिक निकायहरूले सम्पादन गरेका कार्यहरूको प्रगति विवरण सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोको नियमावली नियम (३) बमोजिमको विवरण सबै सार्वजनिक निकायहरूले प्रत्येक तीन/तीन महिनामा अद्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था भएकाले यस संस्थानबाट सम्पादित मुख्य/मुख्य कार्यहरू (**२०८२ कात्तिक, मंसिर र पुस**) को विवरण देहायबमोजिम सार्वजनिक गरिएको व्यहोरा अनुरोध गर्दछु ।

- नेपालको छापा पत्रकारिता तथा मुद्रणको इतिहासमा विशिष्ट स्थान बनाउन सफल गिद्देप्रेस पुरातत्व विभाग, रामशाह पथको संरक्षणमा रहेकोमा त्यसलाई त्यहाँबाट संस्थानमा फिर्ता ल्याएर व्यवस्थितपूर्वक संरक्षण गरी राखिएको ।

- गोरखापत्र दैनिकको बहुभाषिक पृष्ठलाई थप समावेशी एवं प्रभावकारी बनाउन गोरखापत्र संस्थानका महाप्रबन्धक श्री लालबहादुर ऐरीज्यूको संयोजकत्वमा रहेको उच्चस्तरीय समितिको मिति २०८२ कात्तिक २८ गतेको निर्णयानुसार कुलुङ भाषा समावेश गरी मिति २०८२ मंसिर १६ गतेदेखि प्रकाशन प्रारम्भ गरी यसरी प्रकाशित हुने भाषाको संख्या ४६ पुऱ्याइएको ।

- संस्थानका कर्मचारीको वृत्ति विकास र पदपूर्ति प्रक्रिया लामो समयदेखि अवरुद्ध हुँदै आइरहेकोमा आन्तरिक तथा खुलातर्फको पदपूर्ति प्रक्रिया लोक सेवा आयोगसँगको सहमतिमा विज्ञापन प्रकाशन गरेर अघि बढाइएको ।

- संस्थानका प्रकाशनहरूको ग्राहक अभिवृद्धि गर्न तथा पाठक वर्गलाई लाभान्वित गर्न दी राइजिङ नेपाल दैनिकको ६१औं वर्ष प्रवेशका अवसरमा २०८२ पुस १ गतेदेखि २०८२ माघ मसान्तसम्म ग्राहक छुट योजना सञ्चालन गरिएको ।

# गोरखापत्र संस्थान

गोरखापत्र (नेपाली दैनिक)
द राइजिड नेपाल (अङ्ग्रेजी दैनिक)
मधुपर्क (नेपाली साहित्यिक मासिक)
युवामञ्च (नेपाली मासिक)
मुना बाल पत्रिका (नेपाली मासिक)
गोरखापत्रअनलाइन

धर्मपथ, काठमाडौं
नेपाल
पो.ब.नं. २३

पत्रसंख्या :

- दी राइजिङ नेपाल दैनिकको ६१औं वर्ष प्रवेशका अवसरमा २०८२/०९/०३ गते नेपाल सरकारका मन्त्रीज्यूहरू, नेपाल सरकारका सचिवज्यूहरू, अर्थतन्त्र तथा व्यवसायका दिग्गज व्यक्तिहरूको सहभागितामा Gorkhapatra Discourse on Recovery and Resilience विषयमाथि बहस कार्यक्रम गरिएको ।

- आगामी फागुन २१ गते स्वतन्त्र र भयरहित ढंगले प्रतिनिधिसभा निर्वाचन गर्न सरकार केन्द्रित रहेको सन्दर्भमा त्यसलाई सहयोग पुग्ने गरी समाचार, विचारलगायत सामग्री संस्थानका प्रकाशनहरूबाट प्रकाशन तथा प्रसारण गरिएको ।

<u>सादर अवगतार्थ :</u>
श्री अध्यक्षज्यू
श्री महाप्रबन्धकज्यू
श्री सूचना प्रविधि विभाग :(संस्थानको कर्पोरेट वेबसाइटमा तोकिएको ढाँचामा अद्यावधिक गरिदिनुहुन ।)
गो.प.स. ।

(ववित कार्की)
सूचना अधिकारी

फोन ०१-५३३३९०२, ०१-५३४४४३७, ०१-५३२२२७८, ०१-५३४४४३८, ०१-५३२६५२९, ०१-५३२७४९३, ०१-५३२२९३१, ०१-५३२२२७९, ०१-५३२०६३८, ०१-५३४४४३५